**मिति २०८२।११।१३ र १४ गते शिक्षा विभागको आयोजनामा विभागीय प्रमुख श्री नमराज ढकालज्यूको अध्यक्षतामा बसेको सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको बैठकले गरेका प्रस्ताव तथा निर्णयहरु :**

**प्रस्ताव नं १. विद्युतीय हाजिरी व्यवस्थापन सम्बन्धमा :**

**निर्णय नं १ :** काठमाडौं महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी र कार्यरत शिक्षक, प्रारम्भिक बालबिकास केन्द्रका सहजकर्ता, आया तथा अन्य सबै प्रकारका कर्मचारीहरुको दैनिक हाजिरीको व्यवस्थापन यस महानगरपालिकाले विकास गरेको एकीकृत डिजिटल हाजिरी प्रणालीमा आवद्ध गरी Real Time Biometric Face Enrollment सहितको हाजिरी अनिवार्य गर्ने गराउने गरी शिक्षा विभागबाट यस अघिनै विद्यालयहरुलाई निर्देशन पठाईएकोमा सबै विद्यालयहरु पूर्ण रुपमा उक्त प्रणालीमा आवद्ध भैनसकेको देखिएको हुँदा विद्यालयले उक्त कार्य २०८२।११।१५ गते वेलुकासम्म अनिवार्य रुपमा कार्य सम्पन्न गर्ने, कुनै प्राविधिक समस्या भएमा शिक्षा विभाग तथा सूचना प्रविधि विभागले आवश्यक सहजीकरण र सहयोग गर्ने, शिक्षा विभागले २०८२ चैत्र १ देखि विद्यार्थी संख्याका आधारमा निकाशा हुने सबै प्रकारका अनुदान डिजिटल हाजिरी प्रणालीमा आवद्ध भएको तथ्याङ्क तथा अभिलेखका आधारमा मात्र गर्ने ।

**प्रस्ताव नं २. नतिजा सुधार कार्यक्रम सम्बन्धमा :**

**निर्णय नं २ :** SEE २०८२ लाई लक्षित गरी हाल पहिलो चरणमा ६ र दोस्रो चरणमा ५ गरी ११ वटा विद्यालयमा विषय विज्ञ तथा स्रोत शिक्षकबाट SEE विशेष तयारी कक्षाहरु सञ्चालन भई रहेकोमा उक्त ११ वटा विद्यालय बाहेक अन्य विद्यालयहरुले त्यस्तो विशेष कक्षाहरुको आवश्यकता महसुस गरेमा सोको लागि विषय खुलाई शिक्षा विभागमा लिखित पत्र पठाउने र शिक्षा विभागले सोको व्यवस्थापन गर्ने साथै विद्यालयले Zero NG को लक्ष्य राखी सोहीबमोजिम कार्ययोजना बनाई विशेष तयारी कक्षाहरु सघन रुपमा सञ्चालनको प्रबन्ध गर्ने ।

**प्रस्ताव नं ३. आधारभुत शिक्षा परीक्षा (कक्षा ८) को परीक्षा सम्बन्धमा :**

**निर्णय नं ३ :** २०८२।१२।५ गते देखि सञ्चालन हुने आधारभुत शिक्षा परीक्षा (कक्षा ८) तथा अन्य कक्षाहरुको वार्षिक परीक्षा मर्यादित तथा व्यवस्थित रुपमा सञ्चालन गरी नतिजा प्रकाशन समयमै गर्ने गरी सोको सम्पूर्ण तयारीहरु सम्बन्धित विद्यालयहरुले गर्ने र शिक्षा विभागले आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

**प्रस्ताव नं ४. शिक्षक दरबन्दी मिलान सम्बन्धमा :**

**निर्णय नं ४ :** काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२।५।१५ को निर्णयअनुसार विद्यालयहरुमा कायम भएको शिक्षक दरबन्दी अनुसार शिक्षा विभागले प्रचलित दरवन्दी मिलान सम्बन्धी ऐन, कानुन तथा कार्यविधि समेतका आधारमा शिक्षक दरवन्दी मिलान कार्य २०८२ चैत्र मसान्तसम्म सम्पन्न गरी नयाँ शैक्षिक सत्र २०८३ बैशाख देखि दरबन्दी अनुसारको शिक्षक विद्यालयहरुमा व्यवस्थापन गर्ने ।

**प्रस्ताव नं ५. बेरुजु फर्छयौट सम्बन्धमा :**

**निर्णय नं ५ :** काठमाडौं महानगरपालिकाबाट गत विगत वर्षमा विद्यालयमा विभिन्न शीर्षकमा अनुदान निकाशा भएका कार्यक्रमहरु मध्ये महालेखा परीक्षकले बेरुजु औल्याएका कार्यक्रमहरुको बेरुजु फर्छयौट गर्नका लागि शिक्षा विभागबाट

नमराज ढकाल
विभागीय प्रमुख
शिक्षा विभाग

माग भए बमोजिमका कागजातहरु तोकिएको समयभित्र सम्बन्धित विद्यालयहरुले अनिवार्य रुपमा उपलब्ध गराउने र शिक्षा विभागमा कार्यरत विद्यालय निरीक्षक तथा स्रोत शिक्षकहरुले सम्बन्धित कार्यक्रम र निरीक्षण क्षेत्रभित्र रहेका विद्यालयको सम्बन्धमा आवश्यक समन्वय, सहजीकरण र प्रतिवेदन गर्ने र २०८२ चैत्र १५ भित्र सबै प्रकारका वेरुजु फर्छ्यौटका कार्यहरु सम्पन्न गर्ने ।

**प्रस्ताव नं ६. Book Free Friday कार्यक्रम सम्बन्धमा:**

**निर्णय नं ६ :** शैक्षिक सत्र २०८२ का Book Free Friday अन्तर्गत विद्यालयहरुमा सञ्चालित सृजनात्मक सिकाइ (४-८ ) का कार्यक्रमहरु २०८२ वार्षिक परीक्षा अगावै र शिक्षामा सिप (कक्षा ९) कार्यक्रम २०८३ जेठ मसान्तभित्र सम्पन्न गरि सक्ने एवं शैक्षिक सत्र २०८३ को भर्ना अभियान सम्पन्न हुनासाथ विद्यालयहरुले विद्यार्थीका उपसमूहहरु गठन गरी शिक्षा विभागमा पठाउने र शैक्षिक सत्र अनुसार परिमार्जित रुपमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था शिक्षा विभागले मिलाउने ।

**प्रस्ताव नं ७ . Smart Board, Desk Bench, Attendance Device खरिद सम्बन्धमा:**

**निर्णय नं ७ :** हाल विद्यालयमा Smart Board, Desk Bench, Attendance Device खरिदका लागि निकाशा भएको अनुदान रकम सम्बन्धित विद्यालयहरुले प्रचलित खरिद ऐन तथा नियमावली अनुरुप समयमै खरिद गरी आवश्यक कागजातहरु संलग्न गरी निकाशा हुन बाँकी रहेको अनुदान माग गर्ने तथा खरिद भएका सामग्रीहरुको प्राविधिक परीक्षण सम्बन्धमा Smart Board र Attendance Device का लागि काठमाडौं महानगरपालिका सूचना प्रविधि विभागबाट प्राविधिक परीक्षण गराउने र प्रमुख प्रशासकीय अधिकृत स्तरको मिति २०८२।११।११ को निर्णयअनुसार Desk Bench को परीक्षण सम्बन्धित वडाको प्राविधिकबाट गराई प्रतिवेदन संलग्न गरी निकाशा माग गर्ने ।

**प्रस्ताव नं ८ . वार्षिक शैक्षिक योजना सम्बन्धमा :**

**निर्णय नं ८ :** शिक्षा विभागले नयाँ शैक्षिक सत्र २०८३ को वार्षिक क्यालेण्डर २०८२ सालको चैत्र अन्तिम हप्तासम्म विद्यालयमा पुग्ने गरी विकास, छपाई तथा वितरणको प्रबन्ध मिलाउने र विद्यालयहरुले सो अनुसार विद्यालयका शैक्षिक योजनाहरु निर्माण गरी कार्यान्वयन गर्ने गराउने ।

**प्रस्ताव नं ९. विद्यालयको लेखा परीक्षण सम्बन्धमा :**

**निर्णय नं ९ :** आ.ब.०८१/०८२ को विद्यालयको वार्षिक लेखा परीक्षणका लागि शिक्षा विभागबाट लेखा परीक्षक खटाईएकोमा लेखा परीक्षण प्रतिवेदन प्राप्त हुँदा लेखा परीक्षकको नियुक्ति पत्रमा तोकिएको सबै विवरण उल्लेख भएको नपाईएको हुँदा सो अनुसार लेखा परीक्षण प्रतिवेदन तयार गर्ने गराउने तथा लेखा परीक्षण प्रतिवेदन काठमाडौं महानगरपालिकाको शिक्षा विभाग तथा आन्तरिक लेखा परीक्षण ईकाइमा पठाउने र लेखा परीक्षकले दिएको प्रतिवेदनको Soft Copy समेत विद्यालयमा सुरक्षित राखी महानगरपालिकाले तोकेको Email मा समेत अनिवार्य रुपमा पठाउने एवं लेखा परीक्षण प्रतिवेदन विद्यालय व्यवस्थापन समितिको बैठकमा एजेण्डाको रुपमा राखी छलफल गरी गराई औंल्याईएका सुझावहरु कार्यान्वयन गर्ने ।

नमराज ढकाल
विभागीय प्रमुख
शिक्षा विभाग

**प्रस्ताव नं १०. विद्यालयको भौतिक पूर्वाधार विकास सम्बन्धमा :**

**निर्णय नं १० :** शिक्षा विभागले नगर सभाबाट स्वीकृत भएको भौतिक पूर्वाधार विकासको वजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको गुरुयोजना तर्जुमा गरी गराई सम्भाव्य विद्यालयहरुको भौतिक निर्माणका योजनाहरुको खरिद प्रकृया यथाशीघ्र अगाडी वढाउने ।

**प्रस्ताव नं. ११. अनुदान रकम फिर्ता सम्बन्धमा :**

**निर्णय नं ११ :** काठमाडौं महानगरपालिकाबाट चालु आ.ब. ०८२/०८३ मा निकाशा हुने सबै प्रकारका अनुदान २०८३ बैशाख मसान्तसम्म शिक्षा विभागले निकाशा गरिसक्ने र सम्बन्धित विद्यालयले निकाशा भएको रकम २०८३ असार २० सम्म प्रचलित कानुनबमोजिम खर्च गरिसक्ने, निकाशा भएको रकम उक्त अवधिमा खर्च हुन नसकेमा २०८३ असार २४ गतेभित्र काठमाडौं महानगरपालिकाको संचित कोषमा फिर्ता गर्ने ।

**प्रस्ताव नं. १२. शिक्षकहरुको क्षमता विकास कार्यक्रम सञ्चालन सम्बन्धमा :**

**निर्णय नं १२ :** आ.ब.०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेका शिक्षकहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु जस्तै तालिम, अभिमुखीकरण, गोष्ठी लगायतका कार्यक्रमहरु २०८२ चैत्र महिनामा सञ्चालन गर्ने साथै तालिमको आवश्यकता पहिचानका लागि सम्बन्धित शिक्षकहरुले स्रोत शिक्षक/विद्यालय निरीक्षक मार्फत माग पेश गर्ने

**प्रस्ताव नं. १३. विद्यालयमा Internet, Networking, CCTV को व्यवस्थापन सम्बन्धमा :**

**निर्णय नं १३ :** हाल विद्यालयमा रहेका Smart Board, ई हाजिरी डिभाई, कम्प्युटर, ल्यापटपहरुमा Networking तथा Internet को व्यवस्था नभएका विद्यालयहरुले शिक्षा विभागमा लिखित रुपमा माग गर्ने र सोको आधारमा जनशक्ति तथा स्रोत साधनको प्रबन्ध शिक्षा विभागले उच्च प्राथमिकता दिई व्यवस्थापन गर्ने ।

**प्रस्ताव नं. १४. विद्यालय संचालन तथा व्यवस्थापन सम्बन्धमा :**

**निर्णय नं १४ :** आगामी आर्थिक वर्ष ०८३/०८४ मा निम्न अनुसारका कार्यक्रमका लागि प्राथमिकताका साथ वजेट व्यवस्थापन गर्न शिक्षा विभागले पहल गर्ने ।

**निम्न :**

(क) विद्यालयको लेखा परीक्षकको पारिश्रमिक व्यवस्थापन

(ख) CC TV जडान

(ग) आधारभुत तह सञ्चालित विद्यालयमा लेखापालको व्यवस्थापन

(घ) विद्यालयमा सुरक्षा गार्ड र सफाईकर्मीको व्यवस्थापन

(ङ) विद्यालयमा रहेका Smart Board, CC TV, हाजिरी डिभाईस, ल्यापटप, कम्प्युटरको नियमित मर्मत सम्भार र विद्युत महसुलको खर्च व्यवस्थापन

२०८२।११।१४

नमराज ढकाल
विभागीय प्रमुख
शिक्षा विभाग